# रिब्दीकोट गाउँपालिकाको
# अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०८२

**प्रस्तावना:**

रिब्दीकोट गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ को आय सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्ने प्रयोजनका निमित्त स्थानीय कर, शुल्क, दस्तुर र जरिवाना संकलन गर्न छुट दिन तथा अन्य आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम र धारा २३० बमोजिम रिब्दीकोट गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस ऐनको नाम आर्थिक ऐन, २०८२ रहेको छ ।

(२) यो ऐन २०८२ श्रावण १ गते देखि रिब्दीकोट गाउँपालिका क्षेत्रभित्र लागु हुनेछ ।

२. **सम्पत्ति कर:** रिब्दीकोट गाउँपालिका क्षेत्र भित्र अनुसूची (१) बमोजिम सम्पत्ति कर लगाईने र असुल उपर गरिनेछ ।

३. **भूमिकर (मालपोत):** रिब्दीकोट गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम मालपोत कर लगाईने र असुल उपर गरिनेछ ।

४. **घर/जग्गा बहाल कर:** रिब्दीकोट गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा स्थान विशेष एवम् प्रयोजनका आधारमा न्युनतम सम्झौताको आधार तोकी अनुसूची (३) बमोजिम घरजग्गा बहाल कर  लगाईने र असुल उपर गरिनेछ ।

५. **व्यवसाय कर:** रिब्दीकोट गाउँपालिका क्षेत्र भित्र स्थापित उद्योग, व्यापार, व्यवसाय, सेवा र त्यस्तै प्रकारका जुनसुकै कारोवार गर्ने व्यक्ति वा निकायलाई व्यवसायको प्रकृति र स्थान विशेषका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिनेछ । त्यसरी व्यवसाय कर असुली गर्दा बैंक तथा वित्तिय संस्था र सुपर मार्केटहरुको हकमा प्रत्येक कारोबारको स्थलमा कारोबारको आधारमा अलग-अलग ईकाइ मानी असुल उपर गरिनेछ ।

६. **जडिबुटि, कवाडी र जीवजन्तु कर:** रिब्दीकोट गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडीबुटी, बनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरेका जीव जन्तु बाहेक अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वांख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरे बापत अनुसूचि (५) बमोजिमको कर लगाईने र असुल उपर गरिनेछ ।

७. **सवारी साधन करः** रिब्दीकोट गाउँपालिका क्षेत्रभित्र दर्ता भएका रिक्सा, ठेलागाडा र ई-रिक्सा जस्ता सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाईने र असुल उपर गरिनेछ ।

८. **विज्ञापन करः** रिब्दीकोट गाउँपालिका क्षेत्रभित्र हुने सबै प्रकारको विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाईने र असुल उपर गरिनेछ ।

९. **मनोरञ्जन करः** रिब्दीकोट गाउँपालिका क्षेत्रभित्र हुने र शुल्क लिई सञ्चालन गरिने जुनसुकै प्रकारको मनोरञ्जन कर प्रदेश सरकारले तोके बमोजिम वा अनुसूची (८) बमोजिम लगाईने र असुल उपर गरिनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** रिब्दीकोट गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका वा सार्वजनिक ऐलानी पर्ति जग्गा वा भवनमा हाटबजार वा पसल वा सडक वा बाटो किनार वा विशेष मेला पर्व वा अनुसूची (९) मा भएको व्यवस्था बमोजिम बहाल बिटौरी शुल्क लगाई असुल उपर गरिनेछ।

११. **पार्किङ्ग शुल्कः** रिब्दीकोट गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए बापत अनुसूची (१०) बमोजिम सवारी साधन पार्किङ्ग शुल्क लगाई असुल उपर गरिनेछ । साथै सार्वजनिक, निजी, साझेदारी अवधारणा अनुसार पार्किङ्ग व्यवसाय सञ्चालन गर्ने व्यक्ति वा संस्थाले गाउँपालिकाबाट पूर्व अनुमति लिएको हुनुपर्नेछ । साथै पार्किङ्ग निषेधित स्थानमा कुनै व्यक्तिले सवारी साधन पार्किङ्ग गरेमा अनुसूची १०(क) बमोजिम जरिवाना लगाइनेछ ।

१२. **ट्रेकिङ्ग/कायाकिङ्ग/क्यानोइङ्ग/बन्जी, जम्प/जीप फ्लायर र राफ्टिङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्र भित्र ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जीप फलायर र राफ्टिङ्ग सेवा वा व्यवसाय संचालन गरेबापत अनुसूची (११) बमोजिमको शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** रिब्दीकोट गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १२ को (ङ) अनुसार अनुसूची (१२) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसारको शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१४. **घरजग्गा रजिष्ट्रेशन शुल्कः** रिब्दीकोट गाउँपालिका क्षेत्रभित्रका घर जग्गा वा अन्य सम्पत्तिहरुको रजिष्ट्रेशन गर्दा अनुसूची (१३) बमोजिम रजिष्ट्रेशन शुल्क लगाई असुल उपर गरिनेछ ।

१५. **कर छुटः** कर छुट सम्बन्धी व्यवस्था अनुसूची (१४) बमोजिम हुनेछ ।

१६. **दण्ड जरिवाना र पुरस्कारः** रिब्दीकोट गाउँपालिका क्षेत्रभित्र निषेध गरिएका सार्वजनिक सडक तथा फुटपाथमा सवारी साधन पार्किङ्ग वा व्यापार व्यवसाय वा फोहोरमैला गर्ने तथा प्रचलित कानून विपरितका कार्य गर्नेलाई अनुसूची (१५) बमोजिम जरिवाना गराई गोप्य रुपमा सूचनादिने कुनै पनि

व्यक्तिलाई पुरस्कारको व्यवस्था गरिने छ । रिब्दीकोट गाउँपालिका गाउँ कार्यपालिकाबाट समय समयमा यस व्यवस्थामा थपघट तथा पुनरावलोकन हुनेछ ।

१७. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिः** यस ऐनमा भएको व्यवस्था यसै बमोजिम र अन्यका हकमा यस ऐन सँग नबाझिने गरी कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाको गाउँ कार्यपालिकाले निर्माण गरी तोके बमोजिम हुनेछ ।

१८. **यसै ऐन बमोजिम भएको मानिनेः** यो ऐन जारी हुनु अघि भए गरेका व्यवस्थाहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

१९. **नियम वा कार्यविधि बनाउन सक्नेः** रिब्दीकोट गाउँपालिकाको गाउँकार्यपालिकाले यस ऐनमा भएका व्यवस्थालाई कार्यान्वयन गर्नका लागि आवश्यक नियम वा कार्यविधि बनाउन सक्नेछ ।

२०. **साविक बमोजिम हुनेः** यस ऐनमा उल्लेख भएकोमा यसै बमोजिम र यसमा उल्लेख नभएको हकमा साविक बमोजिम नै हुनेछ ।

२१. **खारेजीः** साविकमा रिब्दीकोट गाउँपालिकाले लागु गर्दै आएका व्यवस्थाहरु यस ऐनसँग प्रतिकुल देखिएमा प्रतिकुल भएका हदसम्म खारेज हुनेछ ।

## अनुसूची (१)
## दफा (२) सँग सम्बन्धित
## सम्पति करको दररेट

| क्र. सं. | विवरण | भवन बनोटको प्रकृति | आ.व. २०८२/८३ दर(रु. प्रति वर्ष) |
|---|---|---|---|
| १ | पक्की घर | आर.सी.सी. ढलान घर १ तले | १५० |
| | | आर.सी.सी. ढलान घर २ तले | २०० |
| | | आर.सी.सी. ढलान घर ३ तले | २५० |
| | | आर.सी.सी. ढलान घर ३ तला भन्दा माथि | ३०० |
| २ | पक्की घर | ढुङ्गा माटोले बनेको तर प्लाष्टर गरिएको १ तले | ७५ |
| | | ढुङ्गा माटोले बनेको तर प्लाष्टर गरिएको २ तले | १०० |
| | | ढुङ्गा माटोले बनेको तर प्लाष्टर गरिएको ३ तले | १२५ |
| | | ढुङ्गा माटोले बनेको तर प्लाष्टर गरिएको ३ तला भन्दामाथि | २०० |
| ३ | कच्ची घर | ढुङ्गा माटोले बनेको, जस्ता पाता/ढुङ्गाको छानो भएको १ तले | १०० |
| | | ढुङ्गा माटोले बनेको, जस्ता पाता/ढुङ्गाको छानो भएको २ तले | १५० |
| | | ढुङ्गा माटोले बनेको, जस्ता पाता/ढुङ्गाको छानो भएको २ तला भन्दा माथि | १०० |
| ४ | कच्ची घर | ढुङ्गा माटोले बनेको, खरको छाना भएको १ तले | २५ |
| | | ढुङ्गा माटोले बनेको, खरको छाना भएको २ तले | ४० |
| | | ढुङ्गा माटोले बनेको, खरको छाना भएको २ तला भन्दामाथि | ५० |

## अनुसूची (२)
## दफा (३) सँग सम्बन्धित
## मालपोत करको दररेट

**मालपोत करको दररेट देहाय अनुसार हुनेछ ।**

| सम्पत्ति मूल्याङ्कन | रकम रु. |
|---|---|
| रु. १ देखि ५ लाख सम्म | १२० |
| रु.५ लाख भन्दा माथि देखि १० लाख सम्म | २०० |
| रु.१० लाख भन्दा माथि देखि १५ लाख सम्म | ३०० |
| रु.१५ लाख भन्दा माथि देखि २५ लाख सम्म | ५०० |
| रु.२५ लाख भन्दा माथि देखि ५० लाख सम्म | २००० |
| रु.५० लाख भन्दा माथि देखि १ करोड सम्म | ५००० |
| रु.१ करोड भन्दा माथि | १०००० |

**१) रिब्दीकोट गाउँपालिका अन्तरगतका खेतीयोग्य जग्गाहरु प्रति रोपनी न्यूनतम मूल्य तपशिल बमोजिम कायम गर्ने (कृषि क्षेत्र)**

| हालको वडा नं. | साविकको गा.वि.स. वडा नं. | किसिम | अव्वल | दोयम | सिम | चाहार |
|---|---|---|---|---|---|---|
| १ | ख्याहा साविक अर्गली ४ क, ४ ख, ३ क, ३ ख, साविक सोमादी ५ | खेत | २७,५००।- | १९,८००।- | १७,६००।- | १२,१००।- |
| | | पाखो | १६,५००।- | १३,२००।- | ९,९००।- | ५,५००।- |
| २ | देउराली १-९ | खेत | २८,६००।- | २४,२००।- | १९,८००।- | १३,२००।- |
| | | पाखो | १७,६००।- | १४,३००।- | ११,०००।- | ५,५००।- |
| ३ | खस्यौली१, २, ३, ४, ५, ७ | खेत | १९,८००।- | १४,३००।- | ८,८००।- | ६,६००।- |
| | | पाखो | १७,६००।- | १३,२००।- | ८,८००।- | ५,५००।- |
| ४ | भैरवस्थान १, २, ३, ४, ५, ६, ८, ९ खस्यौली ४ को केही भाग | खेत | २२,०००।- | १४,३००।- | १२,१००।- | ७,७००।- |
| | | पाखो | १८,७००।- | १४,३००।- | ११,०००।- | ५,५००।- |
| ५ | कुसुमखोला साविक खस्यौली ४, ६, ८, ९ | खेत | १९,८००।- | १२,१००।- | ७,७००।- | ५,५००।- |
| | | पाखो | १८,५००।- | १२,१००।- | ७,७००।- | ४,४००।- |
| ६ | ठिमुरे साविक पालुङ्ग १, २, ३, ४ र ५ क | खेत | १८,७००।- | १३,२००।- | ११,०००।- | ६,६००।- |
| | | पाखो | १३,२००।- | ११,०००।- | ७,७००।- | ५,५००।- |

| हालको वडा नं. | साविकको गा.वि.स. वडा नं. | किसिम | अव्वल | दोयम | सिम | चाहार |
|---|---|---|---|---|---|---|
| ७ | पालुङमैनादी ६,८,९साविक मुझुङ ६क,६ख, ५ख, ७क, ७ख, ९क, ९ख, | खेत | २०,०००।- | १६,५००।- | १३,२००।- | ८,०००।- |
| | | पाखो | १५,०००।- | १३,०००।- | १०,०००।- | ७,०००।- |
| ८ | फेक साविक १, २,३,४,५, ६, ७, ८, ९ का केही भाग | खेत | ३५,०००।- | २७,५००।- | १२,५००।- | ८,०००।- |
| | | पाखो | १७,०००।- | १५,०००।- | ११,०००।- | ७,०००।- |

**२) रिब्दीकोट गाउँपालिका अन्तरगतका घडेरीयोग्य जग्गाहरुको तपशिल बमोजिम कायम गर्ने (आवासीय क्षेत्र)**

| | |
|---|---|
| | साबिक अर्गली ३क हाल रिब्दीकोट १ ख्याहा शान्तीचौर मुख्य बजार बजार क्षेत्रका घडेरी योग्य जग्गाको कित्ताहरु ९५, ९८, ११०, १११, ११२, ११३, १३७, १३८, १३९, २९५, ३०१, ३०२, ३५८, ३९५, ३९६, ३९७, ४१४, ४५८, ४८६, ४८९, ४९०, ५१३, ५१७, ५२६, ५२९, ५३२, ५४४, ५४५, ५४६, ५४७, ५४८,५४९ को प्रति आना रु. २,७५,०००।- (दुई लाख पचहत्तर हजार) |
| | कन्टीपोखरा मुख्य बजार क्षेत्रमा पर्ने घडेरी योग्य जग्गाको कित्ताहरु :२८, २९, ४४, ६२, ६३, ८९, ९८, ९९, १०१, १०२, ३५७, ३६३, ३६४, ४०६, ४०९, ४१३, ४१४, ४१९, ४२०, ४२४, ४२८, ४३४, ४३५, ४३६, ४३७, ४४३, ४४४, ४४५, ४४६, ४४७, ४४८, ४५६, ४५७, ४५८, ४५९, ४८८, ४९९, ५०० को प्रति आना रु. २,७५,०००।- (दुई लाख पचहत्तर हजार) |
| | देउराली वडा कार्यालय नजिकको मुख्य बजार क्षेत्रका घडेरीयोग्य जग्गाको कित्ताहरुः ७, ५९, ६५, ६६, ६७, ६८, ६९, ७१, १०१, १०२, १०४, १०५, १९३, १९४, १९८, २००, २०७, २०८, २०९, २१७, २१८, २१९, २२०, २२३, २२६, २२९, २३०, २७९, २८०, २९६, २९७, २९८, ३००, ३०१, ३०२, ३११, ३४३, ३४८, ३४९, ३५०, ३५१, ३५२, ३९८, ४५०, ४५१ को प्रति आना रु. २,७५,०००।- (दुई लाख पचहत्तर हजार) |
| | खस्यौली साविक वडा नं २ हाल रिब्दीकोट ३ हार्थोक बजारका पिच सडकसँग जोडिने घडेरी योग्य जग्गाको कित्ताहरुः २१३, २१४, २२५, २३९, २४०, २४२, २४३, २४४, २५८, २६३, २६७, २६८, २६९, ५५४, ५६०, ५६१, ५७४, ५९२, ५९३, ५९८, ५९९, ६२९, ६४८, ६५०, ६६३, ६६५, ६६६, ७३४, ७३५, ७३६, ७५४, ८००, ८०१, ८०२, ८०३, ८०४, ८०५, ८०६, ८१९, ८२१, ८२२, ८२३, ८५१, ८५२, ९१३, ९१४, ९१५, ९७१, ९७२ प्रति आना रु. २,७५,०००।- (दुई लाख पचहत्तर हजार) |
| | रिब्दीकोट गा.पा. भवन क्षेत्र नजिक लप्सीको बोट देखि म्यालटुप्पा सम्म, हिरापोखरा मुख्य बजार क्षेत्र अन्तर्गत पर्ने पिच मोटरबाटोसँग जोडिने घडेरीयोग्य जग्गाहरुको किता ४५, ४६, ५९, १९३, ३८६, ६७९, ७०९ ७१०, ७७७, ७७९, ८१६, ८१७, ८७८, ८८८, ८८९, ८९२, ९४५, ९४७, ९४९, ९५०, १३७१, १३७२, १३७४, १३७६, १३७८, १३७९, १३८९, १३९६, १३९७, १३९८, १३९९, १४००, १४०१, १५५४, ८९७, को प्रति आना रु.२,२०,०००।- (दुई लाख बीस हजार) |

| | |
|---|---|
| | खस्यौली साविक वडा नं. ४ हाल रिब्दीकोट ४ मा पर्ने भैरवस्थान बजारका पिच सडकसँग जोडिने जग्गाहरुको कि.नं. ४५९, ४६०, ४६१, ४८६, ४८७, ४८८, ४८९, ६९५, ६९७, ६९९, ७०१, ७०५, ७३६, ७३७, ७३८, ७४४, ७४५, ७४६, ७७७, ७९९, ८०० को प्रति आना रु.२,२०,०००।- (दुई लाख बीस हजार) |
| | साविक खस्यौली ६ हाल रिब्दीकोट ५ का कुसुमखोला बजार क्षेत्रमा पिच मोटरबाटोसँग जोडिएका जग्गाहरुको कि.नं. १४, १५, १६, १७, १८, २०, २२, २३, २४, ५२२, ५२४, ५२५, ५४१, ५४७, ५४८, ५५६, ५५७, ६५२, ६५३, ६५४, ६५५ लगायत कसुम्दी भेडार जाने गोरेटो बाटो खेदी लामपोखरी सम्मका जग्गाको प्रति आना रु.२,२०,०००।- (दुई लाख बीस हजार) |
| | साविक मुझुङग गा.वि.स. ८ मा पर्ने बतासे बजाहर क्षेत्रका पिच सडकसँग जोडिने घडेरी योग्य जग्गाको कित्ताहरुः ६, ५७, ५८, ९७, १०४, १०५, १०६, १०९, ११०, १११, ११२, ११३, ११५, ३१८, ३१९, ३२४, ३३२, ३३३, ३५७, ३६७, ३७४, ४०२, ४०४, ४०६, ४०७, ४०९, ४११, ४२०, ४२१, ४२२, ४२३, ४२४, ४२५, ४२६, ४२८, ४२९, ४३१, ४३२, ४३५, ४३६, ४३९, ४४०, ४४१, ४४३, ४४५, ४४६, ४४८, ४५०, ४५२, ४५३, ४५४, ४५५, ४५७, ४५९, ४६०, ४६१, ४६२, ४६४, ४६५, ४६६, ४६७, ४६८, ४६९, ४७१, ४७२, ४७४, ४७५, ४७९, ४८०, ४८१, ४८३, ४८४, ४९३, ४९७, ५२१, ५२२, ५२५, ५२७, ५२८, ५३०, ५३१, ५७७, ६५६, ७२४, ७३७, ७५८, ७६७, ७८४, ७८५, ७९९, ८०४, ८०५, ८०८, ८१३, ८१४, ८१५, ८१६, ८३६, ८३७, ८५०, ८६२, ८७५, ८८४, ८८९, ८९१, ९०१, ९०३, ९०४, ९५२, ९५४, ९५६, ९५८, ९६५, ९६७, ९७७, ९७८ लगायत धुस्तुङ्ग जाने चोक देखी सोमहर फेक जाने चोकसम्मको प्रति आना रु. २,७५,०००।- (दुई लाख पचहत्तर हजार) तर मैनादी तर्फ कुल आत्रेय गोत्रीय समाज कुल पुजा व्यवस्थापन समितिको नाममा रहेको कित्ता नं. १९९, ४३४, ४८३, ४८४, ४८५, ४८६, ४९८ को जग्गाहरु कृषि क्षेत्रमा पर्ने । |
| | साविक देउराली-८, हाल रिब्दीकोट-२ अन्तरगत तानसेन-रिडी-तम्घास मोटरबाटोसँग जोडिने समथर भागमा पर्ने बजार क्षेत्रका घडेरीयोग्य जग्गाहरु प्रति आना रु. २,७५,०००।- (दुई लाख पचहत्तर हजार) |
| | बतासे बजार क्षेत्र आसपास पिच सडकसँग जोडिएदेखि बाहेकका घडेरीयोग्य जग्गाहरु प्रति आना रु. १,००,०००।- (एक लाख) |
| | तानसेन रिडी तम्घास मोटरबाटोमा पर्ने बजार क्षेत्र बाहेकका अन्य घडेरीयोग्य जग्गाहरु प्रति आना रु. ५५,०००।- (पचपन्न हजार) |
| | हार्थोक छहरा तिनगिरे मोटरबाटोमा पर्ने बजार क्षेत्र बाहेकका अन्य घडेरी योग्य जग्गाहरु प्रति आना रु.५५,०००।- (पचपन्न हजार) |
| | माथि उल्लेखित क्षेत्र बाहेक अन्य मोटरबाटोले छोएका वा आवासीय (गैरकृषि) क्षेत्र अन्तर्गत पर्ने जग्गाहरुको प्रति आना रु.२०,०००।- कायम गर्ने । |

## अनुसूची (३)
## दफा (४) सँग सम्बन्धित
## वहाल करको दररेट

| क्र.सं. | विवरण | विस्तृत विवरण | दर रु. |
|---|---|---|---|
| १ | वहाल कर | कोठा वा घरभाडा जग्गा लगायत | १०% |
| कुनै व्यक्ति वा संस्थालेभवन, घर, पसल, ग्यारेज गोदाम, टहरा छप्पर, सेड, जग्गा वा पोखरी वा अन्य सम्पत्ति पुरै वा आशिंक तवरले बहाललगाउँदा १० प्रतिशत पालिकामा बुझाउनुपर्नेछ । | | | |

## अनुसूची (४)
## दफा(५) सँग सम्बन्धित
## व्यवसाय करको दररेट

| सि.नं. | व्यवसायको प्रकृति | | "क" श्रेणीका बजार क्षेत्रमा | "ख" श्रेणीका बजार क्षेत्रमा | अन्य क्षेत्रमा |
|---|---|---|---|---|---|
| १ | गल्ला किराना पसल | खुद्रा कारोवार | १००० | ८०० | ६०० |
| | | थोक कारोवार | १२०० | १००० | ८०० |
| २ | फेन्सी/ कस्मेटिक/ पार्लर/सिलाई कटाई/गिफ्ट पसल | | १००० | ८०० | ६०० |
| ३ | सैलुन व्यवसाय | | १००० | ८०० | ६०० |
| ४ | होटलव्यवसाय | आबास सुविधा नभएको | १००० | ८०० | ६०० |
| | | आबास सुविधा भएको | १२०० | १००० | ८०० |
| ५ | रिसोर्ट/आवासीय प्रकारका फार्म हाउस | | ५००० | ४००० | ३००० |
| ६ | रेष्टुरेन्ट/मिठाई पसल | | १००० | ८०० | ६०० |
| ७ | रेन्टल तथा क्याटरिङ्ग सेवा | | १५०० | १२०० | १००० |
| ८ | फोटो स्टुडियो (सबै खाले) | | १००० | ८०० | ६०० |
| ९ | इलेक्ट्रोनिक पसल (सबै खाले) | | १००० | ८०० | ६०० |
| ९ | रोट तथा पूजा सामाग्री पसल | | १२०० | १००० | ८०० |
| १० | टिकट काउन्टर | | १५०० | १२०० | १००० |
| ११ | मदिरा पसल | खुद्रा विक्रेता | १००० | ८०० | ६०० |
| | | थोक विक्रेता | १५०० | १२०० | १००० |
| १२ | एग्रोभेट | | १००० | ८०० | ६०० |
| १३ | आयुर्वेद औषधी पसल | | १५०० | १२०० | १००० |

| सि.नं. | व्यवसायको प्रकृति | | “क” श्रेणीका बजार क्षेत्रमा | “ख” श्रेणीका बजार क्षेत्रमा | अन्य क्षेत्रमा |
|---|---|---|---|---|---|
| १४ | स्वास्थ्य सेवा | मेडिकल पसल/फार्मेसी | १५०० | १२०० | १००० |
| १५ | | पोलिक्लिनिक | १०००० | ७५०० | ५००० |
| १६ | | सामुदायिक अस्पताल | १५००० | १२००० | १०००० |
| १७ | ग्याँस सिलिण्डर सब डिलर | | १५०० | १२०० | १००० |
| १८ | हार्डवेयर/मार्वल/स्टिल/आल्मुनियम पसल | | २००० | १५०० | १२०० |
| १९ | भाँडा पसल (सबै प्रकारका) | | १००० | ८०० | ६०० |
| | स्टेशनरी तथा पुस्तक पसल | | १००० | ८०० | ६०० |
| | फलफुल तथा तरकारी पसल | | १००० | ८०० | ६०० |
| २० | वित्तिय संस्था | वाणिज्य बैंक | १५००० | १२००० | १०००० |
| | | विकास बैंक | १०००० | ८००० | ५००० |
| | | वित्तीय कम्पनी | ८००० | ६००० | ३५०० |
| | | बहुउद्देश्यीय सहकारी | ५००० | ३५०० | २००० |
| | | बचत तथा ऋण सहकारी | २००० | १५०० | १००० |
| | | विमा सेवा | २००० | १५०० | १००० |
| | | अन्य वित्तिय कारोवार | १५०० | १२०० | १००० |
| २१ | उद्योग | चाउमिन उद्योग | ३००० | २५०० | १५०० |
| | | पाउरोटी उद्योग | ३००० | २५०० | १५०० |
| | | फर्निचर उद्योग | ३००० | २५०० | २००० |
| | | डेरी उद्योग | २००० | १५०० | १००० |
| | | मल उद्योग | २००० | १५०० | १००० |
| | | क्रसर उद्योग | ३०००० | २५००० | २०००० |
| | | ग्रील उद्योग | ३५०० | ३००० | २५०० |
| | | अन्य हस्तकला उद्योग | ४००० | ३००० | २००० |

| सि.नं. | व्यवसायको प्रकृति | | "क" श्रेणीका बजार क्षेत्रमा | "ख" श्रेणीका बजार क्षेत्रमा | अन्य क्षेत्रमा |
|---|---|---|---|---|---|
| २२ २३ | सेवा व्यवसाय | कम्प्युटर सिकाई केन्द्र | २००० | १५०० | १००० |
| | | लेखापरीक्षक सूचिकृत | १५०० | १२०० | १००० |
| | | लेखापरीक्षक समर्थन | १५०० | १२०० | १००० |
| | | शेयर दलाल | १५०० | १२०० | १००० |
| | | अन्य सेवा व्यवसाय | १५०० | १२०० | १००० |
| २४ | निजि शैक्षिक संस्था कर मा.वि./नि.मा.वि./प्रा.वि. क्रमशः कुल रकमको १००/७५/५० प्रतिशत | | ५००० | ४००० | ३००० |
| | निजि शैक्षिक संस्था प्रति कक्षा थप मा.वि./नि.मा.वि./प्रा.वि. क्रमशः कुल रकमको १००/७५/५० प्रतिशत | | २५००० | २०००० | १५००० |
| २५ | मिल | सानो कुटानी/पिसानी | १००० | ८०० | ६०० |
| २६ | | पेलानी/ ठुलो कुटानी मिल | १५०० | १२०० | १००० |
| २७ | गरगहना निर्माण तथा खरिद बिक्रीसुनचाँदी पसल | | ३००० | २५०० | २००० |
| २८ | मोटर पाट्‌र्स बिक्री तथा मर्मत वर्कसप | | २५०० | २००० | १५०० |
| २९ | माछा, मासु पसल | | २५०० | २००० | १५०० |
| ३० | स्नूकर/पुलहाउस/जिमहाउस/कलाकेन्द्र/अन्य | | १००० | ८०० | ६०० |
| ३१ | "घ" वर्गको निर्माण व्यवसाय दर्ता शुल्क | | | | २५००० |
| ३२ | "घ" वर्गको निर्माण व्यवसाय नविकरण शुल्क | | | | ८००० |
| ३३ | ब्याक-हो लोडर सूचीकृत | | | | १०००० |
| ३४ | एक्साभेटर सूचीकृत | | | | १५००० |
| ३५ | हाते ट्याक्टर सूचीकृत | | | | ६०० |
| ३६ | घुम्ति व्यापारी | सवारि साधन सहित | १ हप्ताको लागि | | ५०० |
| | | | १ महिनाको लागि | | २००० |
| | | | १ वर्षको लागि | | १०००० |
| | | पैदलब्यापारी | १ हप्ताको लागि | | २०० |
| | | | १ महिनाको लागि | | ५०० |
| | | | १ वर्षको लागि | | ५००० |

| सि.नं. | व्यवसायको प्रकृति | "क" श्रेणीका बजार क्षेत्रमा | "ख" श्रेणीका बजार क्षेत्रमा | अन्य क्षेत्रमा |
|---|---|---|---|---|
| ३७ | कवाडी निकासी कर (टेण्डर आव्हान मार्फत भएमा सोही अनुसार हुनेछ ।)<br>तर टेण्डर हुन नसकेको अवस्थामा खुद्रा रुपमा निकासी हुने भएमा निम्न बोजिम हुनेछः | | | |
| | प्लाष्टिक/कागज/सिसा बोटल | प्रति के.जी. | | ०.७५ |
| | फलाम/टिन/आलमोनियम | प्रति के.जी. | | ५ |
| | पित्तल/तामा/काँस | प्रति के.जी. | | २० |
| ३८ | वन उपभोक्ता समिति दर्ता/नविकरण | | | २००० |
| ३९ | कृषि/पशुपंक्षी फर्म (५ लाख सम्मको कूल पुँजी) | | | ६०० |
| | कृषि/पशुपंक्षी फर्म (५ लाख भन्दा माथि १० दश लाख सम्मको कूल पुँजी) | | | ८०० |
| | कृषि/पशुपंक्षी फर्म (१० दश लाख भन्दा माथिको कूल पुँजी) | | | १००० |
| | संयुक्त कृषि/पशुपंक्षी फर्म | | | १००० |
| ४० | क्लब/समूह/समिति | | | ६०० |
| ४१ | काठ / दाउरा /जडिबुटी/खोटो/वनकस लगायतको बिक्री | प्रदेश कानून बमोजिम गापाले कार्यविधी बनाई शुल्क लिने । | | |
| ४१ | अन्य नतोकिएको व्यवसाय | १५०० | १२०० | १००० |

**पुष्ट्याईः-**

१) 'क' श्रेणी भन्नाले हार्थोक-छहरा मोटरबाटो, तानसेन-रिडी मोटरबाटो अथवा रु.१० लाख वा सो भन्दा बढी पुँजी भएको व्यवसाय अथवा गाउँपालिका मुख्य व्यापारीक केन्द्र जस्तैः देउराली, कन्टीपोखरा, शान्तीचौर, बतासे, हार्थोक, भैरवस्थान, ५ नं वडा कार्यालय कुसुमखोला आसपासका क्षेत्रमा रहेका व्यवसायिक फर्महरु ।

२) 'ख' श्रेणी भन्नाले 'क' श्रेणीमा तोकिएको बाहेक वडा कार्यालय/गाउँपालिकाको कार्यालय केन्द्र आसपासमा रहेका व्यवसायिक संस्था वा रु.५ लाख देखि १० लाख सम्मको पूँजी रकम भएका व्यापार/व्यवसायिक फर्महरु ।

३) 'अन्य' भन्नाले रु. ५ लाख भन्दा कम पूँजी भएका सबै व्यापार/व्यवसाय जनाउँछ । साथै 'क' र 'ख' श्रेणीमा परेका तर ५ लाख भन्दा कम पूँजी भएका व्यवसाय यसै शिर्षक समावेश गरी वार्षिक शुल्क उठाइनेछ ।

४) उल्लेखित शिर्षकहरुमा उठाउने करको हकमा वार्षिक नविकरण शुल्क समेत सोही बमोजिम उठाइनेछ ।

## अनुसूची (५)

## दफा (६) सँग सम्बन्धित
## जडिबुटी तथा वन पैदावार वस्तु सम्बन्धी निकासी करको दररेट

| सि. नं. | विवरण | | इकाई | दर (रु.) |
|---|---|---|---|---|
| १ | तेजपात | | प्रति के.जी. | ५ |
| २ | बोधिचित्त/रुद्राक्ष निकासीका लागि सिफारिस | | प्रति के.जी. | १० |
| ३ | काठ(ट्याक्टर) | | प्रति ट्याक्टर | २००० |
| | काठ (६ चक्के ट्रक/ट्रिपर) | | प्रति ट्रक/ट्रिपर | ४००० |
| | काठ (१० चक्के ट्रक/ट्रिपर) | | प्रति ट्रक/ट्रिपर | ६००० |
| | दाउरा (ट्याक्टर) | | प्रति ट्याक्टर | १००० |
| | दाउरा (६ चक्के ट्रक/ट्रिपर) | | प्रति ट्रक/ट्रिपर | २००० |
| | दाउरा (१० चक्के ट्रक/ट्रिपर) | | प्रति ट्रक/ट्रिपर | ३००० |
| ४ | बाँस | | प्रति ट्याक्टर | ५०० |
| | | | प्रति ट्रक | १५०० |
| ४ | खोटो | ठेकेदारबाट | कुल मुल्यको | ३% |
| ५ | बनकस (खर, अम्रिसो, बाबियो) | | प्रति टेक्टर | ६०० |
| ६ | भुस, पिना | | प्रति के.जी | १ |
| ७ | कानूनले निषेध गरेका बाहेक अन्य मृत वा मारिएका जिवजन्तुको हाड, सिंङ, छाला, प्वाँख लगायत | | कुल मुल्यको | ३% |
| ८ | अन्य जडिबुटीको लागि सम्बन्धित निकायमा सिफारिस दस्तुर | | प्रति सिफारिस | ५०० |
| ९ | काठ/दाउरा/खोटो लगायतको सिफारिस | | प्रति सिफारिस | १००० |
| १० | सामुदायिक वनबाट प्राप्त आय | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ६२(ख) को व्यवस्था अनुसार वन पैदावार वापतको बिक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत पालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने । | |

नोटः- काठ-दाउरा लगायत सम्पूर्ण काठको निकासी गर्दा र स्थानीय स्तरमा निकासी गर्दा समेत सोही बमोजिम कर लाग्नेछ ।

## अनुसूची (६)
## दफा (७) सँग सम्बन्धित
## सवारी साधन करको दररेट

रिब्दीकोट गाउँपालिका क्षेत्रभित्र ठेगाना देखाई दर्ता भएका यस गाउँपालिका भित्र चल्ने सवारी साधनहरु र तोकिएको क्षेत्रभित्रका रुटहरुमा चल्ने अटो रिक्साहरुमा देहाय बमोजिम वार्षिक सवारी कर लिईनेछ । यस बमोजिम प्राप्त हुने राजश्व रकम राजश्व शिर्षक नं. ११४५१ सवारी साधन कर शिर्षकमा दाखिला गर्नुपर्दछ ।

| सि.नं. | सवारी साधनको किसिम | वार्षिक रु. | कैफियत |
|---|---|---|---|
| १ | अटो रिक्सा, ई-रिक्सा | रु.३००० | |
| | भाडामा दर्ता हुने विद्युतीय माध्यमबाट सञ्चालन हुने अटो रिक्सा, ई-रिक्साको सवारी साधन करमा ६०% छुट । भाडा तथा निजि प्रयोजनका लागि दर्ता भएका पेट्रोलियम पदार्थ वाहेक अन्य ईन्धनबाट सञ्चालन हुने अटो रिक्सा, ई-रिक्साको सवारी साधन करमा २०% छुट हुनेछ । | | |

## अनुसूची (७)
## दफा (८) सँग सम्बन्धित
## विज्ञापन करको दररेट

| क्र.सं. | विवरण | परिमाण | दर | कैफियत |
|---|---|---|---|---|
| १ | फ्लेक्सबाट तयार गरिएको विज्ञापन प्रचार सामग्री | प्रतिवर्ग फुट प्रति वर्ष | रु.३०० | |
| २ | होर्डिङ बोर्ड र यस्तै प्रचार सामग्री | प्रतिवर्ग फुट प्रति वर्ष | रु.४०० | |
| ३ | डिजिटल बोर्ड र यस्तै प्रचार सामग्री | प्रतिवर्ग फुट प्रति वर्ष | रु.५०० | |
| ४ | खेलकुद मैदान, मेला, जात्रा, पर्व वा उस्तै प्रकृतिका कार्यक्रममा हुने विज्ञापन प्रचार सामग्री | प्रति पटक | रु.१०० | |
| ५ | सार्वजनिक ध्वनि मार्फत गरिने विज्ञापन | प्रति दिन | रु. २०० | |
| ६ | अन्यको हकमा | प्रतिवर्ग फुट प्रति वर्ष | रु.२०० | |

नोटः- कुनै स्थानमा विज्ञापन बोर्ड टाँस गर्नको निम्ति वडा वा पालिकाबाट अनिवार्य रुपमा स्वीकृति लिनु पर्नेछ ।

## अनुसूची (८)
## दफा (९) सँग सम्बन्धित
## मनोरञ्जन करको दररेट

| क्र.सं. | विवरण | परिमाण | दर | कैफियत |
|---|---|---|---|---|
| १ | चलचित्र भवनलाई चलचित्र प्रदर्शन गरे वापत प्रति चलचित्र प्रदर्शनस्थल वापत वार्षिक रुपमा | अधिकतम ५० सिट क्षमता | ३०००० | वार्षिक |
| | | ५० सिट क्षमता भन्दा बढी | ५०००० | |
| २ | जादु, सर्कस, मेला, प्रदर्शनीमा टिकट व्यवस्था भएकोमा टिकट मुल्यको ५% र टिकटको व्यवस्था नभएकोमा देहाय बमोजिमको दरमा मनोरञ्जन कर लाग्नेछ । | १दिन सम्मको | ३००० | |
| | | ३ दिन सम्मको | ५००० | |
| | | ५ दिन सम्मको | ८००० | |
| | | ७ दिन सम्मको | १०००० | |
| | | ८ देखी १५ दिन सम्मको | २०००० | |
| | | १६ देखी ३० दिन सम्मको | २५००० | |

## अनुसूची (९)
## दफा (१०) सँग सम्बन्धित
## वहाल विटौरी शुल्कको दररेट

| क्र.सं. | विवरण | परिमाण | दर (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | कपडा, जुत्ता, फेन्सी र यस्तै प्रकारका पसलहरु | प्रति पसल प्रति दिन | १०० | |
| २ | खाजा नास्ता पसल | प्रति पसल प्रति दिन | १०० | |
| ३ | खेलौना पसल | प्रति पसल प्रति दिन | १०० | |
| ४ | खाद्यान्न पसल | प्रति पसल प्रति दिन | १०० | |
| ५ | फलफूल तथा तरकारी | प्रति पसल प्रति दिन | १०० | |
| ६ | अन्य | प्रति पसल प्रति दिन | १०० | |
| ७ | दर्तावाला जग्गा बाहेक अन्य जग्गा | प्रति रोपनी | ५०० | |

## अनुसूची (१०)
## दफा (११) सँग सम्बन्धित
## पार्किङ्ग शुल्क

| सि.नं. | सवारी साधनको प्रकार | दर (रु.) |
|---|---|---|
| १ | मोटरसाईकल | २० |
| २ | कार, जिप, भ्यान | ५० |
| ३ | बस, ट्रक लगायत ठूला सवारी साधन | १०० |

## अनुसूची (१०क)
## दफा (११) सँग सम्बन्धित
## निषेधित स्थानमा सवारी साधन पार्किङ्ग जरिवाना शुल्क

| सि.नं. | सवारी साधनको प्रकार | दर (रु.) |
|---|---|---|
| १ | मोटरसाईकल | २००० |
| २ | कार, जिप, भ्यान | ५००० |
| ३ | बस, ट्रक लगायत ठूला सवारी साधन | १०००० |

## अनुसूची (११)
## दफा (१२) सँग सम्बन्धित
## ट्रेकिङ्ग/कायाकिङ्ग/क्यानोइङ्ग/बन्जी जम्प/जीप फ्लायर र राफ्टिङ्ग शुल्क

| क्र.सं. | विवरण |
|---|---|
| १ | ट्रेकिङ्ग/कायाकिङ्ग/क्यानोइङ्ग/बन्जी जम्प/जीप फ्लायर र राफ्टिङ्गव्यवसाय संचालन गर्ने व्यवसायीबाट गाउँ कार्यपालिकाले प्रति टिकट मूल्यको ५ प्रतिशतले हुने रकम मनोरञ्जन कर वापत लिनेछ । |

**अनुसूची (१२)**

**दफा (१३) सँग सम्बन्धित**

**सेवा, शुल्क, दस्तुर**

| सि.नं. | विवरण | विस्तृत विवरण | | दर (रु.) |
|---|---|---|---|---|
| १ | प्रमाणित शुल्क | नाता प्रमाणित | | ५०० |
| | | जन्ममिति प्रमाणित | | २०० |
| | | विवाहित/अविवाहित प्रमाणित | | ३०० |
| | | व्यक्तिगत विवरण प्रमाणित | | २०० |
| | | हकवाला वा हकदार प्रमाणित | | १००० |
| | | कागज र मन्जुरिनामा प्रमाणित | | २०० |
| | | आर्थिक अवस्था कमजोर वा विपन्न प्रमाणित | | निःशुल्क |
| | | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | | २००० |
| | | संरक्षक प्रमाणित | | २०० |
| | | अस्थायी/स्थायी बसोबास प्रमाणित | | २०० |
| | | करचुक्ता प्रमाणित | | ५०० |
| | | तमसुक प्रमाणित शुल्क | ५ लाख सम्मको | ५०० |
| | | | ५ लाख १ देखी माथि | १००० |
| | | अन्य प्रमाणित (माथि तोकिएको बाहेक) | | २०० |
| | | अङ्ग्रेजी भाषामा प्रमाणित गर्नुपरेमा (सबै प्रमाणितको) | | १००० |
| | | ऋण र वैदेशिक रोजगारका लागि हैसियत/आय स्रोत प्रमाणित | रु.१०लाख सम्म | २००० |
| | | | रु.२०लाख सम्म | २५०० |
| | | | रु.३०लाख सम्म | ३००० |
| | | | रु.४०लाख सम्म | ३५०० |
| | | | रु.५०लाख सम्म | ४००० |
| | | | रु ५० लाख भन्दा माथि प्रति १० लाखमा थप | १००० |
| २ | सिफारिस शुल्क | अपाङ्गता सिफारिस | | निःशुल्क |
| | | नाबालक परिचयपत्र सिफारिस | | २०० |
| | | व्यक्तिगत संरक्षक सिफारिस | | १०० |
| | | संस्थागत संरक्षक सिफारिस | | २०० |

| सि.नं. | विवरण | विस्तृत विवरण | | दर (रु.) |
|---|---|---|---|---|
| | | नागरिकता सिफारिस | वंशज | २०० |
| | | | जन्मको आधारमा | ३०० |
| | | | अंगिकृत | १००० |
| | | नागरिकता प्रतिलिपि सिफारिस | | ३०० |
| | | राहदानी (पासपोर्ट) सिफारिस | | ३०० |
| | | छात्रवृत्ति सिफारिस (विपन्नको हकमा निःशुल्क) | | १५० |
| | | व्यापार व्यवसाय बन्द भएको/हुँदै नभएको/सञ्चालन नभएको सिफारिस | | २०० |
| | | स्वास्थ्य उपचार सिफारिस (निःशुल्क/सशुल्क) | | निःशुल्क |
| | | फरक-फरक नाम, थर, जन्म मिति प्रमाणित तथा दुवै नामथर गरेको व्यक्ति एउटै हो भन्ने सिफारिस | | १५० |
| | | जग्गाधनी पुर्जा हराएको सिफारिस | | २०० |
| | | घरजग्गा मुल्याङ्कन सिफारिस १० लाख सम्म | | ५०० |
| | | घरजग्गा मुल्याङ्कन सिफारिस १० लाख भन्दा माथि देखि ५० लाख सम्म | | १००० |
| | | घरजग्गा मुल्याङ्कन सिफारिस ५० लाख भन्दा माथि देखि १ करोड सम्म | | २००० |
| | | १ करोड भन्दा माथि | | ५००० |
| | | कित्ताकाट गर्न सिफारिस | | ३०० |
| | | नामसारी गर्न सिफारिस | | २०० |
| | | घर सम्पन्न सिफारिस (आर.सि.सि.) | | ५०० |
| | | जग्गाको हक सम्बन्धमा सिफारिस | | ३०० |
| | | जग्गा दर्ता सिफारिस | | २०० |
| | | घरबाटो /चारकिल्ला प्रमाणित (साधारण बाटो/सडकमा समेत नपर्ने) | | ३०० |
| | | घरबाटो /चारकिल्ला प्रमाणित (कच्ची सडकमा पर्ने) | | ४०० |
| | | घरबाटो /चारकिल्ला प्रमाणित (पक्की सडकमा पर्ने) | | ५०० |
| | | सरकारको नाममा बाटो सिफारिस | | निःशुल्क |
| | | जिवित रहेको सिफारिस | | निःशुल्क |
| | | उद्योग ठाउँसारी सिफारिस | | ५०० |
| | | उद्योग दर्ता सिफारिस | | १००० |
| | | विद्यालय खोल्न सिफारिस (सामुदायिक/संस्थागत विद्यालय) | | १००० |

| सि.नं. | विवरण | विस्तृत विवरण | | दर (रु.) |
|---|---|---|---|---|
| | | सामुदायिक विद्यालयको कक्षाकोठा थप्न सिफारिस (प्रति कक्षा) | | ५०० |
| | | विद्यालय ठाउँसारी गर्न सिफारिस | | ५०० |
| | | पालन पोषणका लागि सिफारिस | | निःशुल्क |
| | | जनजाति र दलित प्रमाणित सिफारिस(अपाङ्गता भएकालाई निःशुल्क) | | २०० |
| | | धारा जडानका लागि सिफारिस | | २०० |
| | | अनुदान प्राप्त गरेकालाई सिफारिस (रु.२० हजार सम्म) | | निःशुल्क |
| | | अनुदान प्राप्त गरेकालाई सिफारिस (रु.१ लाख सम्म) | | २०० |
| | | अनुदान प्राप्त गरेकालाई सिफारिस (रु.१ लाख भन्दा माथि) | | ५०० |
| | | विद्युत जडानका लागि सिफारिस | दुई फेस | १५० |
| | | | तीन फेस | ५०० |
| | | संस्था, कृषि फर्म, कृषक समुह दर्ता सिफारिस | | २०० |
| | | शिक्षक सरुवा सहमती तथा अनुमति (आ.वि.) सम्म | | १००० |
| | | शिक्षक सरुवा सहमती तथा अनुमति (मा.वि.) | | २००० |
| | | सर्जिमिन मुचुल्का | कार्यालयमा | ५०० |
| | | | फिल्डमा | १००० |
| | | योजना सम्झौताका लागि सिफारिस (गा.पा.को योजनाको हकमा निःशुल्क) | | २०० |
| | | बैङ्क खाता खोल्न सिफारिस (पालिकाको योजनाको हकमा निःशुल्क) | | १५० |
| | | योजना भुक्तानी र फरफारक सिफारिस (गाउँपालिकाको हकमा निःशुल्क) | | २०० |
| | | अदालत शुल्क मिनाहा सिफारिस | | २०० |
| | | भारतीय र ब्रिटिस पेन्सन सिफारिस | | १००० |
| | | मोहि लगत कट्टा सिफारिस | | १५० |
| | | पूर्जामा घर कायम गर्ने सिफारिस | | १५० |
| | | पशु चौपाया निकासी सिफारिस | प्रति राँगो/भैंसी | १५० |
| | | | प्रति गाई/गोरु | ५० |
| | | | प्रति खसी/बोका/बाख्रा/बङ्गुर | ५० |
| | | | प्रति कुखुरा/हाँस | १ |
| | | नीजि क्षेत्रको रुख कटान सिफारिस | | ५०० |
| | | अङ्ग्रेजी भाषामा सिफारिस गर्नुपरेमा (सबै सिफारिस) | | १००० |

| सि.नं. | विवरण | विस्तृत विवरण | | दर (रु.) |
|---|---|---|---|---|
| ३ | अन्य सेवा, शुल्क, दस्तुर | शैक्षिक प्रमाणपत्र संशोधन तथा प्रतिलिपि (कक्षा ८) | | २०० |
| | | कक्षा ८ नतिजा रिटोटलिङ्ग (प्रति विषय) | | १०० |
| | | व्यक्तिगत घटना दर्ता जन्म,विवाह,सम्बन्ध विच्छेद, मृत्यु र बसाइसराई (३५ दिन भित्र निःशुल्क) | | २०० |
| | | व्यक्तिगत घटना दर्ता अभिलेख खोज शुल्क | | २०० |
| | | कोठा खोल्ने रोहवरमा बस्नुपर्ने | | १५० |
| | | कागज मञ्जुरीनामा | | १५० |
| | | लेखापरीक्षक सुचीकृत | | १००० |
| | | नयाँ आवासिय भवन निर्माण स्वीकृत दर | आर.सी.सी. भवन-बेसमेन्ट देखि सबै तलाको प्रति वर्ग फिट | ४ |
| | | | ट्रस/जस्तापाताको छाना भएको लोड बियरिङ्ग देखि सबै तलाको प्रति वर्ग फिट | १.५ |
| | | नयाँ व्यवसायिक/औद्योगिक भवन निर्माण स्वीकृत दर | आर.सी.सी. भवन-बेसमेन्ट देखि सबै तलाको प्रति वर्ग फिट | ५ |
| | | | ट्रस/जस्तापाताको छाना भएको लोड बियरिङ्ग देखि सबै तलाको प्रति वर्ग फिट | ३ |
| | | पुरानो आवासिय भवन अभिलेखीकरण स्वीकृत दर | आर.सी.सी. भवन-बेसमेन्ट देखि सबै तलाको प्रति वर्ग फिट | २ |
| | | | ट्रस/जस्तापाताको छाना भएको लोड बियरिङ्ग देखि सबै तलाको प्रति वर्ग फिट | १ |
| | | पुरानो व्यवसायिक/औद्योगिक भवन अभिलेखीकरण स्वीकृत दर | आर.सी.सी. भवन-बेसमेन्ट देखि सबै तलाको प्रति वर्ग फिट | ३ |
| | | | ट्रस/जस्तापाताको छाना भएको लोड बियरिङ्ग देखि सबै तलाको प्रति वर्ग फिट | २ |
| | | घर नक्सा लिइसकेपछि पुनः नक्सा प्रमाणित/सम्पन्नताको प्रतिलिपि बापत | | १००० |
| | | घर नक्साको लागि सर्जमिन मुचुल्का गर्नुपरेमा | | ५०० |
| | | घर नक्सा किताब/फारम | | २०० |
| | | घर नक्सा नामसारी | | ५०० |
| | | व्यवसाय/फर्म/संघसंस्था सूचीकृत शुल्क | २० हजार सम्मको आपूर्तिकर्ता | २०० |
| | | | १ लाख सम्मको आपूर्तिकर्ता | ५०० |
| | | | ५ लाख सम्मको आपूर्तिकर्ता | १००० |
| | | | १० लाख वा सो भन्दा माथि आपूर्तिकर्ता | १५०० |

| सि.नं. | विवरण | विस्तृत विवरण | | दर (रु.) |
|---|---|---|---|---|
| | | "घ" वर्ग ईजाजतपत्र ठाउँसारी | | १०००० |
| | | "घ" वर्ग ईजाजतपत्र नामसारी | | ५००० |
| | | खानेपानी मुहान दर्ता शुल्क (व्यवसायिक प्रयोजनका लागि) | | ५००० |
| | | खानेपानी मुहान दर्ता शुल्क (संस्थागत प्रयोजनका लागि) | | १००० |
| | | खानेपानी मुहान नवीकरण शुल्क (व्यवसायिक प्रयोजनका लागि) | | २५०० |
| | | खानेपानी मुहान नवीकरण शुल्क (संस्थागत प्रयोजनका लागि) | | ८०० |
| | | सभाहल प्रयोग शुल्क (प्रति दिन) | | १००० |
| | | टेन्ट/क्याटरिङ/साउन्ड सिस्टम प्रयोग (प्रति दिन) | | ५०० |
| | | खेल मैदान प्रयोग शुल्क (गा.पा.वाहिरको लागि मात्र, प्रति दिन) | | ५०० |
| | | प्राकृतिक स्रोतको संकलन तथा बिक्री शुल्क (उत्खनन् गर्न नपाउने गरी) | ढुङ्गा, गिट्टी, बालुवा, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा वा स्टेल प्रति क्यूब फिट (मू.अ. कर बाहेक) | ६ |
| | | | बेस (मू.अ. कर बाहेक) | ५ |
| | | | सव-बेस, मिस्कट (मू.अ. कर बाहेक) | ४ |
| | | | माटो प्रति क्यूव फिट (मू.अ. कर बाहेक) | ३ |
| | | | दहत्तर बहत्तर प्रति केजी (मू.अ. कर बाहेक) | १ |
| | | | प्राकृतिक स्रोतको सार्वजनिक जग्गामा डम्पिङ्ग गर्दाको भाडा | कबोल अंकको ०.३ प्रतिशत |
| | | टयाक्टरको क्षमता -१०० क्यू फुट<br>६ चक्के ट्रक/ट्रिपरको क्षमता-२८० क्यू फुट<br>१० चक्के ट्रक/ट्रिपर/हाइवाको क्षमता -४२३ क्यू फुट | | |
| ४ | प्रतिलिपी दस्तुर | व्यक्तिगत घटना दर्ता प्रतिलिपी | | ५०० |
| | | घ वर्ग इजाजत पत्र प्रतिलिपी | | ५००० |
| | | कक्षा ८ को मार्कसिट प्रतिलिपी | | २०० |
| | | कर तिरेको रसिद प्रतिलिपी | | १०० |

## अनुसूची (१३)
## दफा (१४) सँग सम्बन्धित
## घरजग्गा रजिष्ट्रेशन दस्तुर

रिब्दीकोट गाउँपालिका क्षेत्रभित्र घरजग्गा वा अन्य सम्पत्तिहरु दाखिला खारेज तथा नामसारी र रजिष्ट्रेशन शुल्क प्रदेश सरकार र रिब्दीकोट गाउँपालिकाले तोके बमोजिम हुनेछ। यस बमोजिम प्राप्त राजश्व रकम शिर्षक नं.११३१५ घरजग्गा रजिष्ट्रेशन दस्तुर शिर्षकमा दाखिला गर्नुपर्नेछ।

## अनुसूची (१४)
## दफा (१५) सँग सम्बन्धित
## कर छुट

१. आश्विन मसान्तसम्म व्यवसाय कर बुझाउने करदातालाई लाग्ने करमा १०% छुटदिईनेछ ।

२. पौष मसान्तसम्म मालपोत दस्तुर तथासम्पति कर बुझाउने करदातालाई लाग्ने करमा ५% छुट दिईनेछ ।

३. पौष मसान्तसम्म वर्षभरिको घरबहाल कर बुझाउने करदातालाई लाग्ने करमा ५% छुट दिईनेछ ।

## अनुसूची (१५)
## दफा (१६) सँग सम्बन्धित
## प्रशासनिक दण्ड जरिवाना

१. गत आ.व. सम्मको वक्यौता कर, दस्तुर र महशुलमा बक्यौता रकममा थप १०% जरिवाना लगाई असुल उपर गरिनेछ।

२. अनुमति नलिई गैरकानुनी रुपमा फेला पारेका ढुङ्गा, काठ, जडिबुटी लगायतका अन्य स्रोतको हकमा उक्त सामान जफत गरी देहाय बमोजिम जरिवाना लिईनेछ।

   क) कवाडी सामान प्रति जीप रु.५,००० तथा प्रति ट्रक रु.१०,०००।-

   ख) ढुङ्गा निकासी प्रति टेक्टर रु.१५,०००।-, ६ चक्के प्रति ट्रक/ट्रिपर रु. ३५,०००।- तथा १० चक्केप्रति ट्रक/ट्रिपरको रु.५०,०००।-

   ग) जे.सि.बी.को रु.३५,०००।-, चेन डोजर/लोडर/एक्स्काभेटको रु. ५०,०००।-

   घ) गाई, भैसी, खसि/बोका, बाख्रा, कुखुरा लगायतका जनावर निकासी प्रति ट्याक्टर/पिकअप रु. ५००० तथा प्रति ट्रक रु.१०,०००।-

   ङ) माथि उल्लेखित कार्य पटक-पटक दोहोराएमा पटकै पिच्छे दोब्बर जरिवाना लाग्नेछ ।

३. सहकारी संस्थाले कानून बमोजिम बुझाउनु पर्ने विवरण समयमा नबुझाएमा देहाय बमोजिम जरिवाना लाग्नेछ ।

   क) साधारण सभाको विवरण १५दिन भित्र नबुझाएमा पहिलो पटक रु.५००० वा पुँजी कोषको ०.१% मा जुन कम हुन्छ सो रकम असुल उपर गरिनेछ । सोही ब्यहोरा पुनःदोहोराएमा प्रत्येक पटक दोब्बर जरिवाना लाग्नेछ ।

   ख) ऐन बमोजिम बुझाउनु पर्ने अन्य विवरण तोकिएको समयमा नबुझाएमा प्रथम पटक (१५दिन भित्र) रु.५००र एक महिनासम्म पनि नबुझाएमा रु.२५००।- जरिवाना लिईनेछ।

४. कानूनको रित नपुर्याई सञ्चालन गरेका पोके व्यापारीलाई निजको सामान जफत गरी रु.५०००।-, मोटरसाइकलको रु. ७०००।-, जिप/भ्यानको रु. १०,०००।- जरिवाना लिईनेछ ।

५. माथि उल्लेखित नियम विपरितका काम गरेको भनी सुराकी दिने कुनै पनि व्यक्ति, संस्था वा कर्मचारीलाई उक्त जरिवानाको २५% रकम पुरस्कार स्वरुप दिईनेछ ।

६. यस बमोजिम प्राप्त राजश्व रकम शिर्षक नं. १४३१२ प्रशासनिक दण्ड जरिवाना शिर्षकमा दाखिला गर्नुपर्नेछ ।

**आर्थिक वर्ष २०८२/८३ का लागि शिर्षकगत अनुमानित आय विवरण देहाय बमोजिम रहेको छ ।**

| **सि.नं.** | **राजस्व शिर्षक** | | **२०८२/८३ को अनुमानित आय** |
|---|---|---|---|
| १ | सम्पत्ति कर (११३१३) | | ५ लाख |
| २ | भुमिकर/मालपोत (११३१४) | | १४ लाख |
| ३ | घरजग्गा रजिष्ट्रेशन दस्तुर (११३१५) | | १ लाख |
| ४ | घर नक्सा पास दस्तुर (११३१५१) | | ५० हजार |
| ५ | घर बहाल कर (११३२१) | | ५ लाख |
| ६ | वहाल विटौरी कर (११३२२) | | १० हजार |
| ७ | सवारि साधन कर (११४५१) | | १० हजार |
| ८ | मनोरञ्जन कर (११४७९) | | ३० हजार |
| ९ | अन्य विक्रीबाट प्राप्त रकम (१४२१३) | स्थानीय विकास शुल्क | ३० लाख |
| | | वातावरण शुल्क | २ लाख |
| १० | अन्य सेवा शुल्क तथा विक्री (१४२१३) | | ८ लाख |
| ११ | सिफारिस शुल्क (१४२४३) | | ८ लाख |
| १२ | व्यक्तिगत घटना दर्ता (१४२४४) | | ५ लाख |
| १३ | नाता प्रमाणित दस्तुर (१४२४५) | | २ लाख |
| १४ | प्रशासनिक दण्ड जरिवाना (१४३१२) | | २ लाख |
| १५ | व्यवसाय कर (१४६११) | | १० लाख |
| जम्मा रु. | | | ९३ लाख |

रिब्दीकोट गाउँ सभाको अठारौं अधिवेशनबाट मिति २०८२ असार ९ गते स्वीकृत भएको उपरोक्त अनुसारको "रिब्दीकोट गाउँपालिकाको आर्थिक ऐन, २०८२" स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २१ बमोजिम प्रमाणित गर्दछु ।

**नारायण बहादुर कार्की**
**गाउँपालिका अध्यक्ष**

*मिति : २०८२।०३।१०*